**निर्णय नं. १ : वार्षिक कार्यक्रम प्रगति समिक्षा सम्बन्धमा ।**

गौमुखी गाउँपालिकाको आ.व. २०८०/०८१ को वार्षिक स्वीकृत कार्यक्रम कार्यान्वयन गर्दै गर्दा बैसाख महिनाको अन्तिम सम्म चालु खर्च र पुजिगत खर्च गरि जम्मा वित्तिय प्रगति ५२.९७ % रहेको व्यहोराको समिक्षा गरि कार्यान्वयन अवस्थालाइ  थप प्रभावकारी बनाउन सबै लाग्नुपर्ने सर्वसम्मत रुपमा निर्णय गरियो।

**निर्णय नं. २ : बजेट तर्जुमा गर्ने**

आगामी आर्थिक वर्ष २०८१/०८२ को लागि बजेट तर्जुमा गर्न, वडागत तथा विषय क्षेत्रगत सिलिङ निर्धारण गर्ने उदेश्यका साथ स्रोत अनुमान तथा बजेट निर्धारण समितिको बैठक मिति २०८१/०१/२५ गते बस्ने सर्वसम्मत रुपमा निर्णय गरियो।

**निर्णय नं. ३ : स्थानीय पाठ्यक्रम निर्माण कार्यदल सम्बन्धमा ।**

गौमुखी गाउँपालिकाको कक्षा १ देखि ८ सम्मको स्थानीय पाठ्यक्रमको निर्माण गर्नको लागि देहायबमोजिमको स्थानीय पाठ्यक्रम निर्माण कार्यदल गठन गर्ने सर्वसम्मत निर्णय गरियो।

देहाय :

दुर्गा प्रसाद सुवेदी — संयोजक

माधवराज पोखेल — सदस्य

जायश्वर जैसी — सदस्य

युग बहादुर के.सी. — सदस्य

लोकेन्द्र जि.सी. — सदस्य

अर्जुन बहादुर के.सी. — सदस्य

निमा पोखेल — सदस्य सचिव

**निर्णय नं. ४ : आलु प्रवर्धन कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।**

नेपाल सरकारको सशर्त अनुदानबाट प्राप्त हुन आएको आलु प्रवर्धन कार्यक्रमबाट वडा नं. ६ बुक्तिचौरमा रष्ट्रिक स्टोर भवन निर्माण गर्न रु १५ लाख र वडा नं. ३ मा रहेको रष्ट्रिक स्टोर भवन मर्मत तथा तारघेराबारको लागि रु ४ लाख ५० हजार बजेट स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो । साथै विउ आलु खरिद सम्बन्धी आवश्यक प्रकृया पुरा गरी कार्यान्वयन गर्न कृषि शाखालाई जिम्मेवारी दिने निर्णय गरियो।

गौमुखी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पुँजा, प्युठान
लुम्बिनी प्रदेश, नेपाल

**निर्णय नं. ५ : फरफारक समिति गठन सम्बन्धमा ।**

आ.व. २०८०/०८१ को वार्षिक स्वीकृत कार्यक्रमहरुको कार्यान्वयन प्रकृया व्यवस्थित गर्न तथा योजना कार्यन्वयनमा प्रभावकारीता ल्याउने उदेश्यका साथ देहायबमोजिमको फरफारक समिति गठन गर्ने सर्वसम्मत रुपमा निर्णय गरियो ।

देहाय :

विष्णु कुमार गिरी — गा.पा.अध्यक्ष

महाविर राना — गा.पा. उपाध्यक्ष

तुल्सीराम पौडेल — प्रमुख प्रशासकीय अधिकृत

दुर्गा प्रसाद सुवेदी — योजना शाखा प्रमुख

शिवलाल पुन — इन्जिनियर

**निर्णय नं. ६ : भ्रमण स्वीकृत सम्बन्धमा ।**

गाउँपालिका महासंघको आयोजना तथा korea Academic Society of Digital Convergence को संयोजनमा 2024 may 15 देखि may 17 सम्म हुने गौमुखी गाउँपालिकाका अध्यक्ष श्री विष्णु कुमार गिरी ज्यूको वैदेसिक भ्रमण स्वीकृत गर्ने सर्वसम्मत रुपमा निर्णय गरियो ।

**निर्णय नं. ७ : प्रतिवद्धता सम्बन्धमा ।**

नेपाल सरकार र संयुक्त अधिराज्य बेलायत सरकार बीच भएको समझदारी पत्र तथा आयोजना दस्तावेजमा उल्लेख भए बमोजिम आगामि आर्थिक वर्ष ०८१/०८२ मा स्थानीय पूर्वाधार सहयोग कार्यक्रम सञ्चालन गर्नको लागि देहायबमोजिमको विषयमा प्रतिबद्धता जनाउने सर्वसम्मत रुपमा निर्णय गरियो ।

देहाय :

१. आगामि आर्थिक वर्ष ०८१/०८२ मा स्थानीय पूर्वाधार सहयोग कार्यक्रमको लागि बजेट सुनिश्चित गर्ने ।

२. स्थानीय पूर्वाधार विकास क्रियाकलापको अनुगमन मूल्याङ्कन तथा सिकाई संयुक्त रुपमा गर्ने ।

३. पूर्वाधार विकास योजना आवधिक योजनामा समावेस गर्ने

४. स्थानीय तहको कार्यपालिका र पूर्वाधार समिति सक्रिय रहने ।

५. वित्तिय साझेदारीमा स्थानीय पूर्वाधार विकासका काम गर्न तत्पर रहेको ।

६. स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन अवलम्बन गरिएको ।

गौमुखी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धुँजा, प्यूठान
लुम्बिनी प्रदेश,नेपाल

**निर्णय नं. ८** : कार्यविधि निर्माण सम्बन्धमा ।

गौमुखी गाउँपालिकाको विभिन्न संजाल संचालन सम्बन्धमा कार्यविधि तयार गर्न तथा गाउँपालिकाले प्रदान गर्ने विभिन्न सहयोग र सहायता सम्बन्धी स्पष्ट कार्यविधि तथा मापदण्ड तयार गर्न विधेयक समितिलाइ स्वीकृति प्रदान गर्ने सर्वसम्मत रुपमा निर्णय गरियो ।

गौमुखी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पुँजा, प्युठान
लुम्बिनी प्रदेश, नेपाल